"शिक्षा, सडक, सिंचाई र कृषि गोलन्जोरको पुर्वाधार ॥ तरकारी खेति,पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार"

# गोलन्जोर गाउँपालिका
Golanjor Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

मिति : २०८१।०७।२९

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०७।२९**

यस गोलन्जोर गाउँपालिकाको लागि तपशिलमा उल्लेखित पदमा करारमा कर्मचारी पदपुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिनभित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखामा नियमानुसार राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि लागि यस गाउँपालिकाको मिति २०८१।०७।२९ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक पदहरुको विवरण**

| क स | विज्ञापन नं | पद/तह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | परिक्षाको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०८१/०८२-५ | नायब पशु सेवा प्राविधिक (सहायक स्तर चौथो) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्युनतम १ वर्षे जे.टी.ए. पशुविज्ञान (पशुपालन,पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त गरी कृषि(पशुपालन,पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण । | लिखित अन्तर्वार्ता | ५००। |

**२. दरखास्त दिनु पर्ने अन्तिम मिति : सूचना प्रकाशित मितिले १५ दिन भित्र ।(दरखास्त दिनु पर्ने अन्तिम मितिमा शनिबार वा सार्वजनिक बिदाको दिन परेमा सो को लगतै भोलिपल्ट कार्यालय खुलेको दिन)**

**३. शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक

२. न्युनतम योग्यता नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपालको प्रचलित कानून बमोजिम न्युनतम शैक्षिक योग्यता सम्बन्धी उपाधि हासिल गरेको ।

३.१८ वर्ष उमेर पुरा भई ३५ वर्ष तर महिलाको हकमा ४० वर्ष ननाघेको वा सम्बद्ध विषय र कार्यक्षेत्रसँग सम्बन्धित नेपालको कानूनले तोके बमोजिमको उमेर हद ननाघेको ।

४. नेपालको प्रचलित कानून बमोजिम सम्बद्ध विषय र कार्यक्षेत्र तथा कार्य प्रकृति अनुसारको दर्ता हुनुपर्ने भनी तोकेको संस्थामा दर्ता भएको प्रमाण पत्र ।

५. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

पदपुर्ति संयोजक
पदपूर्ति संयोजक